वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६

Email : bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

वर्ष ४५ अंक २४ | २०८३ वैशाख २८ गते सोमबार, नेपाल सम्वत् ११४६ May 11, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## भलिबल प्रतियोगिता र दर्शक

तनहुँको दमौलीमा सञ्चालन गरिएको गण्डकी प्रदेशस्तरीय महिला पुरूष भलिबल प्रतियोगिताको आइतबार भएको फाइनल खेल हेर्नका लागि आएका दर्शकहरू। तनहुँमा व्यवस्थित खेलमैदान नहुँदा खेलाडी र दर्शकले सास्ति झेल्नुपरेको छ ।

जिल्ला खेलकुद विकास समिति तनहुँले आयोजना गरेको पुरूष भलिबल प्रतियोगितामा तनहुँले ३-१ सेटमा पर्वतलाई परिजित गर्दै उपाधि जित्न सफल भएको छ । नवलपुरले गोरखालाई ३-१ सेटले पराजित गर्दै तेश्रो हुन सफल भएको छ ।

यस्तै, महिलातर्फ कास्कीलाई ३-१ सेटले पराजित गर्दै म्याग्दीले उपाधि जितेको छ भने तनहुँलाई पराजित गर्दै पर्वत तेश्रो हुन सफल भएको छ ।

उपाधिसँगै दुवै टिमका प्रथम, द्वितीय र तृतीय हुनेलाई गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्मा, जिल्ला खेलकुद विकास समिति तनहुँका अध्यक्ष अनिल पाण्डेले क्रमशः रू ३० हजार, रू २० हजार र रू १५ हजार नगद पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा पुरूषतर्फ मनाङ बाहेक १० जिल्ला र महिलातर्फ ११ वटै जिल्लाको सहभागिता रहेको थियो ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# घान्द्रुकलाई एक फन्को

राम थापा/गण्डकी

गुजुमुज्ज गाउँ । आँखैअघि हिमालचुली । बिहानीको झुल्के घामसँगै चराचुरूङ्गीको चिरबिर। वनपाखा-देउराली, उकाली-ओरालीमा गुज्रिन्छ घान्द्रुकको चक्रीय पदमार्ग । पर्यटकीय गाउँ घान्द्रुकलाई एक फन्को मार्दा पदयात्रीहरू बिछट्टै अनुभव गर्छन्। करिब दुई घण्टाको हिंडाइमा प्रकृतिमय घान्द्रुकको आनन्द बटुल्छन् ।

देशविदेशका पर्यटकको मनप्रिय गन्तव्य घान्द्रुकमा नयाँ आकर्षण थप्न र आगन्तुकको बसाइ लम्बाउन चक्रीय पदमार्ग बनाइएको हो। कास्कीको अन्नपूर्ण गाउँपालिका-१० र ११ स्थित घान्द्रुक गाउँको बसपार्कदेखि पञ्चे, कोटगाउँ, बलाचे उद्यान, देउराली, नभ्री थेव मेश्रम बराह मन्दिर, कोचमा प्लाँ, ब्रेज मेश्रम बराह मन्दिर, नेगो, चिया बगान, डाँडागाउँ हुँदै पुनः बसपार्क आएर पदमार्ग टुङ्गिन्छ ।

चक्रीय पदमार्गको ६० प्रतिशत काम सकिएको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरूङले बताउनुभयो । समितिको पहलमा तीन वर्षअघि चक्रीय पदमार्ग निर्माण थालिएको थियो । "यस वर्ष नेपाल पर्यटन बोर्डको रू २० लाख बजेटबाट थप काम भइरहेको छ", अध्यक्ष गुरूङले भन्नुभयो, "चक्रीय पदमार्ग निर्माणमा तीनवटै तहका सरकारको सहयोग छ, स्थानीय दाताहरू पनि जोडिनुभएको छ ।"

घान्द्रुकको नयाँ गन्तव्यका रूपमा चक्रीय पदमार्गलाई स्थापित गर्ने र पर्यटकको बसाइ लम्बाउने उद्देश्यले पूर्वाधारका काम भइरहेको उहाँको भनाइ छ । घान्द्रुक गाउँको रहेको बताउनुभयो ।

"घान्द्रुक बास बसेका पर्यटकहरू भोलिपल्ट बिहान सूर्योदयको अवलोकनसँगै चक्रीय पदमार्ग घुम्न सक्छन्, घान्द्रुक गाउँबाटभन्दा अझ सुन्दर दुश्यालोकन पदयात्राका क्रममा गर्न सकिन्छ, प्रकृतिमा रमाउँदै पदयात्रा गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

निर्माण सामग्री प्रयोग गरेर मौलिक शैलीमा पदमार्ग बनाइएको छ । पदमार्ग क्षेत्रमा बलाचे र बुद्ध गरी दुई उद्यान निर्माण पनि अगाडि बढाइएको छ । घान्द्रुकको पर्यटनमा चक्रीय पदमार्गले नयाँ आकर्षण थपेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत इलाका संरक्षण कार्यालयका प्रमुख



सिरानमाथि वनको बाटो हुँदै पदमार्ग अगाडि बढ्छ । पदमार्गका ठाउँठाउँमा उद्यान, विश्रामस्थल, चौतारी आदि निर्माण भइरहेको समितिले जनाएको छ । घान्द्रुकका पर्यटन व्यवसायी अमृत लामा गुरूङले घान्द्रुक आउने पर्यटकलाई छोटो दुरीको पदयात्रा (हाइकिङ)मा निस्कन चक्रीय पदमार्ग उत्तम

गुरूङ समुदायको आस्थाको धरोहरका रूपमा रहेको मेस्रम बराहको मन्दिर पनि यही मार्गमा पर्ने भएकाले धर्मप्रेमीहरू पनि पदयात्रामा आकर्षित भइरहेको उहाँको भनाइ छ ।

पदमार्ग निर्माणमा हालसम्म झण्डै रू ५३ लाख खर्च भइसकेको समितिले जनाएको छ । स्थानीय

भीमप्रसाद उपाध्यायले बताउनुभयो।

घान्द्रुकमा पदमार्गसहित पर्यटकीय पूर्वाधार निर्माण, सामुदायिक सशक्तीकरणलगायत क्षेत्रमा 'एक्याप'ले सघाउँदै आएको छ । कार्यालय प्रमुख उपाध्यायले घान्द्रुक हुँदै अन्नपूर्ण क्षेत्रको घुमफिर गर्न आउनेमध्ये धेरै संख्यामा

बाँकी तेश्रो पेजमा

# विकासका लागि निजी क्षेत्रको पुँजी आवश्यक छः अर्थमन्त्री वाग्ले

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेपाल उद्योग परिसंघले आगामी आर्थिक वर्षको बजेटका लागि अर्थमन्त्री डा स्वर्णिम वाग्लेसमक्ष विभिन्न सुझाव पेस गरेको छ। परिसंघले निजी क्षेत्रलाई विकासको इन्जिनका रूपमा लिई उद्योग तथा लगानी वृद्धि गराउने नीति लिन आग्रह गरेको हो ।



परिसंघका तर्फबाट सुझाव प्रस्तुत गर्दै अध्यक्ष वीरेन्द्रराज पाण्डेले आयआर्जन गर्ने सम्पत्ति कमाउने, रोजगारी सिर्जना गर्नेलगायत विषयलाई सहयोग गर्नेगरी बजेट ल्याउनुपर्नेमा जोड दिए । उनले अर्थतन्त्र विस्तार, रोजगारी सिर्जना तथा लगानी वृद्धिमा उल्लेख्य सुधार आई मुलुकको समृद्धिको यात्रामा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको बताए ।

परिसंघले उद्योग तथा लगानी, प्रत्यक्ष विदेशी लगानी, कर नीति तथा प्रणाली, भन्सार, पर्यटन, कृषि, जडीबुटी तथा वनपैदावार, ऊर्जा, सूचना प्रविधि क्षेत्र, बैङ्किङ तथा वित्त, बिमा, सहकारी तथा पुँजीबजार, स्वदेशी उत्पादन प्रवर्द्धन, पूर्वाधार, स्वास्थ्य तथा शिक्षा, गैरकर, राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरणासँग सम्बन्धित क्षेत्रगत रुपमा बजेट विनियोजन गर्नुपर्ने सुझाव दिएको छ ।

उद्योगलाई पहिलो प्राथमिकतामा राखी नीतिगत सुधार गर्दै यस्ता नीतिहरूको न्यूनतम १० वर्ष स्थायित्व सुनिश्चित गर्न, प्रतिस्पर्धी क्षमता भएका वस्तु केन्द्रित औद्योगिक विकास रणनीति बनाई लागू गर्न, रोजगारी, उत्पादन र आयात प्रतिस्थापनलाई केन्द्रमा राखी बजेट ल्याउन परिसंघले आग्रह गरेको छ ।

कच्चापदार्थ र तयारी वस्तुमा

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# कुरा पर्यटनको, खाँचो पूर्वाधारको

प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले धनी मुलुक हो नेपाल । यहाँका पर्वत, नदी, ताल, जंगल र पुरातात्विक सम्पदाले विश्वभरका पर्यटकहरूको ध्यान आकर्षित गर्छन् । यद्यपि, यी सम्पदाहरूको पूर्ण फाइदा लिन र देशको समग्र विकासमा योगदान पुऱ्याउन, पर्यटनको क्षेत्रको समुचित विकास अनिवार्य छ । आजको सन्दर्भमा, पर्यटन नेपालको ग्रामीण क्षेत्रहरूको आर्थिक समृद्धिका लागि एक महत्वपूर्ण माध्यमको रूपमा देखा परिरहेको छ । हाम्रा धेरै गाउँहरूमा प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधता प्रचुर मात्रामा रहेका छन् । तर, यी सबै समृद्धि पर्यटकहरूको आगमनको लागि पर्याप्त रूपले प्रवर्द्धित र संरक्षित गरिएको छैन। यही कारण हो कि नेपालका गाउँहरूमा पर्यटनको वास्तविक प्रभाव छिर्न सकेको छैन। पर्यटकहरूको आगमन बढाउने, उनीहरूलाई आकर्षित गर्ने र यहाँको उत्पादन र सेवाको गुणस्तरमा सुधार ल्याउने कामहरु आवश्यक छन् । पर्यटनको विकासका लागि सबैभन्दा महत्त्वपूर्ण पाटो पूर्वाधारको सुदृढीकरण हो। नेपालका धेरै पर्यटकीय गन्तव्यहरूमा सडक यातायातको समस्याले पर्यटकको पहुँचमा ठूलो अवरोध पुऱ्याउँछ । गाउँका पक्का सडक, मोटर मार्ग र सार्वजनिक यातायातको व्यवस्था सुधार्नुपर्ने आवश्यक छ। यतिमात्र होइन, राम्रो आवास व्यवस्था, शौचालय, सफा पानी, र फोहोर व्यवस्थापन जस्ता आधारभूत पूर्वाधारको अभावले पर्यटनलाई प्रभावकारी बनाउन रोक लगाइरहेको छ । यदि पर्यटनको विकासलाई गम्भीरतासाथ अघि बढाउन चाहन्छौं भने, सरकारले यी सबै पूर्वाधारमा लगानी गर्नुपर्छ र तीलाई नवीकरण र सुधारका लागि दीर्घकालीन योजनाहरु बनाउनुपर्छ । यसका लागि निजी क्षेत्रको सहभागिता पनि अत्यन्त महत्त्वपूर्ण छ। निजी क्षेत्रले होटल, रेस्टुरेन्ट, पर्यटन गाइड र अन्य सेवाहरूमा लगानी गरेर पर्यटनको पूर्वाधारलाई बलियो बनाउन सक्छ ।

पर्यटनको विकासमा केवल पर्यटकहरूको आगमन मात्र काफि हुँदैन; उनीहरूबाट आर्थिक फाइदा प्राप्त गर्नका लागि स्थानीय उत्पादन र व्यवसायको प्रोत्साहन पनि अनिवार्य छ । नेपालका ग्रामीण क्षेत्रहरूमा उत्पादित स्थानीय सामग्रीहरू हस्तकला, कृषि उत्पादन र मौलिक परिकार—पर्यटकहरूको आकर्षणको केन्द्र बन्न सक्छ । तर, अहिले यस क्षेत्रका उत्पादकहरूको वस्तु बजारमा पुग्न र पर्यटकसम्म पुऱ्याउन प्रभावकारी प्लेटफर्मको अभाव छ । यही कारण हो कि पर्यटनको विकासमा स्थानीय उत्पादनलाई जोड्नु अत्यन्त महत्त्वपूर्ण छ । यदि हामीले गाउँमा उत्पादित सामग्रीलाई पर्यटकको आवश्यकता र चासो अनुरूप प्रस्तुत गर्न सक्यौ भने, यसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउनेछ । त्यसैगरी, होमस्टे जस्ता ग्रामीण पर्यटनको मोडललाई प्रोत्साहन गर्दा, पर्यटन व्यवसाय र स्थानीय समुदाय बीचको सिधा सम्बन्ध बढ्नेछ र यसले दुवै पक्षलाई फाइदा पुऱ्याउँछ। नेपालका धेरै ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थलहरु पर्यटकहरूको आकर्षणको केन्द्र हुन सक्छन्। यद्यपि, यी सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमा ध्यान दिनु आवश्यक छ। उदाहरणका रूपमा, धेरै धार्मिक स्थलहरु र पुरातात्विक गन्तव्यहरूको प्रबन्धन र संरक्षणका लागि अझै ठोस प्रयासहरु आवश्यक छन्। यस्ता स्थलहरूको प्रचार र संरक्षणले पर्यटनलाई केवल ऐतिहासिक महत्वको गन्तव्य नभई एक उत्साहजनक, ज्ञानवर्धक र अनुभवात्मक यात्रा बनाउनेछ।

नेपालका ग्रामीण क्षेत्रमा भएका प्राकृतिक सौन्दर्य र सांस्कृतिक धरोहरलाई पर्यटकीय दृष्टिकोणले संरक्षण र प्रबर्द्धन गर्नुपर्ने छ। यसका लागि सरकारले स्थानीय तह र निजी क्षेत्रसँग मिलेर काम गर्नुपर्छ र ती स्थानहरूको प्रचारमा सक्रियता देखाउनु पर्छ । पर्यटनको क्षेत्रको विकास अब केवल सम्भावना मात्र होइन, आवश्यकता बनिसकेको छ। यदि नेपालले पर्यटनको क्षेत्रलाई सही दिशा र योजनासँग अघि बढाउन सक्छ भने, यो देशका ग्रामीण क्षेत्रहरूको आर्थिक समृद्धिको एक प्रमुख चालक बन्न सक्छ। यसको लागि, सबै निकाय–सरकार, निजी क्षेत्र र स्थानीय समुदायको साझा पहल आवश्यक छ। पर्यटन क्षेत्रको समुचित विकासले नेपालको सम्पूर्ण अर्थतन्त्रलाई लाभ पुऱ्याउने र गाउँका जनतालाई रोजगारीका अवसर र आर्थिक समृद्धि दिनेछ । पर्वत, पहाड र तराईमा लुकेका ती अनकहे सौन्दर्य र सांस्कृतिक धरोहरहरूको सही संरक्षण र प्रवर्द्धनले नेपालको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सक्छ। अब, समय आएको छ कि हामी सबैले एकताबद्ध भएर पर्यटनको क्षेत्रमा नयाँ युगको सुरूवात गरौं । पर्यटन क्षेत्रको सामयिक प्रवर्द्धनले नै हामीलाई समृद्धिको बाटो तर्फ डोऱ्याउने छ ।

# नेपालको सहकारी क्षेत्रको संरचनात्मक संकट

नेपालको आर्थिक विकासको बहुआयामिक संरचनामा सहकारी क्षेत्रलाई वैकल्पिक मात्र होइन पूरक वित्तीय प्रणालीको रूपमा पनि व्याख्या गरिन्छ। विशेषतः ग्रामीण तथा सीमान्तकृत समुदायहरूमा औपचारिक बैंकिङ पहुँच सीमित भएको सन्दर्भमा सहकारीहरूले वित्तीय समावेशीकरण, पूँजी परिचालन र स्थानीय उद्यमशीलताको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। "सदस्यद्वारा, सदस्यका लागि" भन्ने सहकारी दर्शनले आर्थिक लोकतन्त्रको अवधारणालाई व्यवहारमा उतार्ने माध्यमको रूपमा सहकारीलाई स्थापित गरेको छ। तथापि पछिल्ला वर्षहरूमा सहकारी क्षेत्रमा देखिएका संस्थागत विचलन, वित्तीय अनियमितता र शासनगत कमजोरीहरूले यस क्षेत्रको विश्वसनीयतालाई गम्भीर संकटमा धकेलेको छ जसले केवल आर्थिक मात्र नभई सामाजिक विश्वासको संरचनामै असर पुऱ्याएको छ।

सञ्चालक समितिको चयन प्रक्रियामा प्रतिस्पर्धात्मकता र पारदर्शिता अभाव हुँदा सीमित समूहद्वारा दीर्घकालीन नियन्त्रण कायम हुने प्रवृत्ति देखिन्छ जसले शक्ति केन्द्रिकरण र दुरूपयोगलाई प्रोत्साहन गर्दछ।

वित्तीय व्यवस्थापनको दृष्टिकोणबाट हेर्दा पनि सहकारी क्षेत्र गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ। उच्च ब्याजदरको प्रलोभनमा असन्तुलित निक्षेप संकलन, जोखिम मूल्याङ्कन नगरी ऋण प्रवाह, तथा गैर–उत्पादक क्षेत्रमा अत्यधिक लगानी जस्ता प्रवृत्तिहरूले सहकारीहरूको वित्तीय स्थायित्वमा प्रतिकूल प्रभाव पारेका छन्। विशेषतः असुली नहुने ऋण (Non–Performing Loans) को वृद्धि, तरलता व्यवस्थापनको कमजोरी तथा पूँजी पर्याप्तताको अभावले धेरै सहकारीहरूलाई वित्तीय संकटतर्फ धकेलेको छ। यस्ता अभ्यासहरूले दीर्घकालीन दिगोपनलाई चुनौती दिंदै बचतकर्ताहरूको हितमा प्रत्यक्ष जोखिम उत्पन्न गरेका छन्। यसका साथै सहकारी क्षेत्रको पेशागत क्षमता अभाव पनि समस्याको मूल कारकका रूपमा देखा परेको छ। धेरै सहकारी संस्थाहरूमा व्यवस्थापन तहमा आवश्यक वित्तीय, प्राविधिक तथा प्रशासनिक दक्षता भएका जनशक्ति अभाव छ। तालिम र क्षमता विकास कार्यक्रमहरूको कमीका कारण निर्णय प्रक्रियामा गुणस्तर कायम हुन सकेको छैन। आधुनिक वित्तीय व्यवस्थापन, जोखिम विश्लेषण तथा डिजिटल प्रविधिको प्रयोगबारे सीमित ज्ञानले सहकारीहरूको प्रतिस्पर्धात्मकता र पारदर्शितालाई थप कमजोर बनाएको छ।




संघीय शासन व्यवस्थाको कार्यान्वयनसँगै सहकारी नियमनको जिम्मेवारी तीन तहमा बाँडिएको भए पनि यसको कार्यान्वयनमा स्पष्टता, समन्वय र उत्तरदायित्वको अभाव देखिन्छ। संघीय संरचनाले नीतिगत विकेन्द्रिकरण त गऱ्यो तर नियामकीय एकरूपता र प्राविधिक क्षमता अभिवृद्धिको अभावले नियमन प्रक्रियामा खाडल सिर्जना गऱ्यो। स्थानीय तहहरूमा सहकारी निरीक्षणका लागि आवश्यक दक्ष जनशक्ति, प्रविधि र संस्थागत क्षमता नहुँदा प्रभावकारी अनुगमन सम्भव हुन सकेको छैन। परिणामस्वरूप नियामकीय कमजोरीको फाइदा उठाउँदै केही सहकारीहरूले अनियन्त्रित रूपमा निक्षेप संकलन, उच्च जोखिमयुक्त लगानी र अपारदर्शी वित्तीय अभ्यासहरु अवलम्बन गरेका छन्।

सहकारी क्षेत्रको अर्को प्रमुख संरचनात्मक समस्या सुशासन र पारदर्शिताको अभाव हो। धेरै सहकारी संस्थाहरूमा संस्थागत निर्णय प्रक्रियामा सदस्यहरूको वास्तविक सहभागिता न्यून छ, जसले सहकारीको लोकतान्त्रिक चरित्रलाई कमजोर बनाएको छ। वार्षिक साधारण सभा औपचारिकतामा सीमित हुनु, लेखापरीक्षण प्रक्रियाको विश्वसनीयता कमजोर हुनु तथा वित्तीय विवरणहरु सार्वजनिक नगर्नु जस्ता अभ्यासहरूले संस्थागत अपारदर्शिता बढाएका छन्। यसका अतिरिक्त

राजनीतिक हस्तक्षेप सहकारी क्षेत्रको अर्को जटिल समस्या हो जसले संस्थागत स्वायत्तता र व्यावसायिकता दुवैलाई प्रभावित गरेको छ। सहकारी संस्थाहरूलाई राजनीतिक प्रभाव विस्तार गर्ने माध्यमको रूपमा प्रयोग गर्ने प्रवृत्तिले नियुक्ति, निर्णय र अनुगमन प्रक्रियामा निष्पक्षता कमजोर पारेको छ। यसले योग्यताको सट्टा राजनीतिक निकटताको आधारमा नेतृत्व चयन हुने अवस्था सिर्जना गरेको छ जसले दीर्घकालीन संस्थागत विकासमा नकारात्मक प्रभाव पारेको छ ।

सदस्यहरूको सचेतनाको कमी पनि सहकारी संकटको महत्वपूर्ण आयाम हो। सहकारीका सदस्यहरु आफ्नो अधिकार दायित्व तथा संस्थागत प्रक्रियाबारे पर्याप्त रुपमा जानकार नहुँदा संस्थागत जवाफदेहिता कमजोर हुन्छ। साधारण सभामा न्यून सहभागिता, वित्तीय प्रतिवेदनप्रति उदासीनता तथा निर्णय प्रक्रियामा निष्क्रियता जस्ता प्रवृत्तिहरूले नेतृत्वलाई अनियन्त्रित बनाउने सम्भावना बढाउँछन्। यसले सहकारीको मूल सिद्धान्त सदस्य-केन्द्रित शासनलाई व्यवहारमा कमजोर बनाउँछ।

यी संरचनात्मक समस्याहरुको समाधानका लागि बहुआयामिक र दीर्घकालीन दृष्टिकोण आवश्यक छ। सर्वप्रथम नियामकीय संरचनालाई सुदृढ बनाउँदै संघीय, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन र प्रभावकारी समन्वय संयन्त्र स्थापना गर्नुपर्छ। जोखिममा आधारित अनुगमन प्रणाली लागू गरी उच्च जोखिमयुक्त सहकारीहरूमा विशेष ध्यान दिनु आवश्यक छ। दोस्रो पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न अनिवार्य सूचना प्रकाशन, स्वतन्त्र लेखापरीक्षण तथा सक्रिय साधारण सभा प्रणालीलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्छ।

तेस्रो सहकारी व्यवस्थापनलाई व्यावसायिक बनाउँदै नेतृत्व र कर्मचारीहरुको क्षमता विकासमा विशेष ध्यान दिनुपर्छ। योग्यता–आधारित नियुक्ति, अनिवार्य तालिम तथा प्रमाणिकरण प्रणालीले संस्थागत दक्षता अभिवृद्धि गर्न मद्दत गर्दछ। चौथो वित्तीय अनुशासन कायम गर्न पूँजी पर्याप्तता, तरलता व्यवस्थापन, ऋण सीमा तथा लगानी विविधीकरणका मापदण्डहरु कडाइका साथ लागू गर्नुपर्छ। पाँचौं डिजिटल प्रविधिको प्रयोग विस्तार गर्दै लेखा प्रणाली, अनलाइन रिपोर्टिङ तथा डिजिटल भुक्तानी सेवाहरूलाई प्रवर्द्धन गर्नुपर्छ जसले पारदर्शिता र दक्षता दुवैमा सुधार ल्याउँछ।

यसैगरी सदस्य शिक्षा र वित्तीय साक्षरता अभिवृद्धि बिना सहकारी सुधार अधूरो रहन्छ। सदस्यहरूलाई सहकारी सिद्धान्त, वित्तीय जोखिम तथा संस्थागत प्रक्रियाबारे नियमित रूपमा सचेत गरिनुपर्छ। अन्ततः सहकारी निक्षेपको सुरक्षाका लागि बीमा प्रणालीको स्थापना अनिवार्य छ जसले बचतकर्ताको विश्वास पुनर्स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्दछ।

नेपालको सहकारी क्षेत्र अहिले संरचनात्मक संक्रमणको चरणमा छ जहाँ समस्या गहिरा छन् तर समाधान सम्भव छन्। सुधारका लागि आवश्यक तत्वहरु राजनीतिक इच्छाशक्ति, संस्थागत क्षमता, व्यावसायिकता र सदस्य सक्रियता यदि प्रभावकारी रूपमा संयोजन गर्न सकिए सहकारी क्षेत्र पुनः जनविश्वासको केन्द्र बन्न सक्छ। यसर्थ सहकारीलाई केवल वित्तीय संस्था नभई आर्थिक लोकतन्त्रको सशक्त माध्यमको रूपमा पुनर्संरचना गर्नु आजको अपरिहार्य आवश्यकता हो।

(लेखक जनज्योति क्याम्पस, भिमाद तनहुँका सहप्राध्यापक हुन्)

## तपाईको आज

**मेष**
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। पेसा-व्यवसायमा फाइदा हुनेछ।

**वृष**
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। पेसा-व्यवसायमा मनग्य फाइदा हुनेछ।

**मिथुन**
आफ्ना काममा अरूको मुख ताक्ने बानीले पछि परिनेछ। दगो काम सुरू गर्ने समय छ ।

**कर्कट**
आत्मविश्वासको कमीले पछि परिनेछ। नोक्कासानीका साथै विवादमा फसिने डरले सताउनेछ ।

**सिंह**
बौद्धिक तथा रचनात्मक काममा जुट्ने समय छ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

**कन्य**
टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। खानपानको आनन्द प्राप्त हुनेछ ।

**तुला**
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

**वृश्चिक**
बिहानको समय लाभदायक रहनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**धनु**
प्रयत्न गर्दा रोकिएका काम सम्पादन हुनेछन् । आयस्रोत पनि बढ्नेछ । सहयोगीहरूले काममा साथ दिनेछन् ।

**मकर**
पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । आयस्रोत बढ्नेछ ।

**कुम्भ**
पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। मिहिनेतले उपलब्धिको स्रोत प्राप्त हुनेछ। नाम र दाम बढ्नेछ ।

**मीन**
पेसा-व्यवसायमा सम्भावना खोजी गर्ने समय छ। दिगो योजना बन्नेछ र नयाँ कार्य थालनी हुनेछ ।



**नसर्ने रोगको स्कृनिङ :** तनहुँको बन्दीपुर गाउँपालिकाको याम्पाका बासिन्दाहरूमा नसर्ने रोगको स्कृनिङ गरिदै । प्रदेश जनसवास्थ्य कार्यालय तनहुँ, प्रदेश अस्पताल दमौली र प्रदेश आयुर्बेद अस्पतालको संयुक्त आयोजनामा उक्त कार्यक्रम गरिएको हो । *तस्विर : भञ्ज्याङ*

# महं काढ्ने परम्परालाई जीवन्त राख्न पुस्ता हस्तान्तरण

नवीन लामिछाने/मनाङ

विश्वको साहसिक एवं जोखिमयुक्तमध्ये भिर मौरीको मह सिकार गर्ने कार्य पनि पर्दछ । जोखिमयुक्त मानिएको मह सिकार गण्डकी प्रदेशको लमजुङ, गोरखा, म्याग्दीलगायतका जिल्लामा गरिन्छ। यसमध्ये लमजुङमा बढी भिर मौरीको सिकार गरेको पाइन्छ ।

लमजुङको मर्स्याङ्दी गाउँपालिका–४ मिप्रागाउँ नजिकैको छिप्ली भिरमा झुन्डिएका भिर मौरीका चाकाको सिकार गर्न ज्यानै जोखिममा राखेर डोरीमा झुन्डिएर मह सिकार गर्दछन् । यस कार्यले यहाँका स्थानीयका साथै पर्यटकलाई पनि आकर्षित गरेको छ। गाउँको पुर्ख्यौली पेसाकै रूपमा अगाडि बढाउन सकिनेगरी भिर मौरीको मह काढ्ने कार्यमा संलग्न हुँदै आएको स्थानीय बताउँछन् ।

स्थानीयले भिर मौरीको मह काढ्ने परम्परालाई निरन्तरता दिँदै आएका सिकारी टेकबहादुर गुरूङ बताउनुहुन्छ । विगतमा ज्येष्ठ नागरिकको मात्रै सहभागिता रहने मह काढ्ने परम्परालाई जीवन्त राख्न पुस्ता हस्तान्तरणलाई प्राथमिकता दिइएको उहाँ बताउनुहुन्छ । "भिर मौरीको मह औषधिका रूपमा प्रयोग हुन्छ । औषधिका रूपमा उपयोग गर्न जोखिम मोलेर भिरबाट मह काढ्ने गरेका छौँ", गुरूङ भन्नुहुन्छ, "भिर मौरीको महको माग पनि बढी छ ।" वर्षमा दुईपटक मह काढ्ने गरिएको उहाँ बताउनुहुन्छ ।

गुरूङ भन्नुहुन्छ, "पहिलो चरणमा मह वैशाखको अन्तिम सातादेखि जेठको दोस्रो साताभित्र निकाल्नुपर्ने हुन्छ भने दोस्रो चरणमा असोजको अन्तिम सातादेखि कात्तिकको दोस्रो सातामा निकालिसक्नुपर्छ । शुक्रबारमात्रै मह काढ्ने चलन छ ।" मह धेरै भएको



समयमा भने दुई दिन लगाएर मह निकाल्ने गरिएको उहाँ बताउनुहुन्छ। मौरीको सिकार गर्न तिथिमिति जुराएर जङ्गलबाट निगालो ल्याउने र चोया बनाई ला बनाउने गरिन्छ । आगोमा तताउँदै लाबाट गाउँले मिलेर भर्‍याङ बनाउने गर्दछन् । एकपटक बनाइएको भर्‍याङ तीनचार वर्षसम्म उपयोग गर्न सकिन्छ ।

यसरी बनाइएको भर्‍याङ मह निकाल्न (काढ्न) गाउँले एकसाथ भिरमा मह सिकारका लागि जाने गर्दछन् । विश्वकै साहसिक पेसाका रूपमा परिचय बनाएकाले मह सिकार हेर्न विदेशी पर्यटकको आकर्षण बढ्दै जानुका साथै यस गाउँको आयआर्जनको माध्यम बनेको सिकारी मीनबहादुर गुरूङ बताउनुहुन्छ । "पहिलापहिला त मुखमात्रै छोपेर मह निकालिन्थ्यो, अहिले त शरीर पूर्ण रूपमा छोपेर मह निकाल्ने गरेका छौँ", उहाँ भन्नुहुन्छ, "यसले जोखिमबाट जोगाएको छ ।"

मौरीले कम चिल्दा थेरापीको रूपमा काम गर्छ भने बढी चिलेमा मानिसको ज्यानै जानसक्ने जोखिम हुने गुरूङ बताउनुहुन्छ । पहिलेदेखि नै औषधिका रूपमा प्रयोग गरिँदै आएको भिर मौरीको मह स्थानीयकै घरमा सीमित हुने गर्दथ्यो । मानवीय विकाससँगै पहिरनमा परिवर्तन हुँदै जाँदा शरीरमा पूरा कपडाले ढाकिने चलन बढ्नुका साथै सुरक्षित तवरबाट मह सिकारमा पनि सहज हुँदै गएको स्थानीयको भनाइ छ। पहिले स्थानीयको सहभागितामा मात्रै निकालिने मह अहिले विदेशीको आकर्षण बढ्दै गएको गुरूङ बताउनुहुन्छ ।

हाल भिर मौरीको मह सिकार गरेको हेर्न विदेशी आउने गरेको स्थानीय बताउँछन् । पर्यटकलाई आकषित गर्दै प्राकृतिक र साहसिक कार्यलाई जीवन्त राख्न निरन्तरता दिनुपर्ने टर्कीका नागरिक केमल बताउनुहुन्छ । "यस्तो चिल्ने मौरीको मह सिकार जोखिमयुक्त छ । तर, यहाँका स्थानीयको साहसिकताले लोभ्यायो", उहाँ भन्नुहुन्छ, "प्राकृतिक जोखिम मोलेजस्तै यसलाई आयआर्जनसँग जोड्न सक्नुपर्छ ।" आश्चर्यचकित पार्नेगरी स्थानीयले मह निकालेको देख्दा डर लागेको केमल बताउनुहुन्छ । "म त निकालेको महमा केही मौरी बसेको देख्दा पनि डराएको थिएँ । नेपाली साहसी छन्, नेपालीका बारेमा जुन बयान सुनिएको थियो त्यो आफ्नै आँखाले देख्न पाइयो", उहाँ भन्नुहुन्छ ।

भिर मौरीको मह काढ्ने परम्परामात्रै नभएर मह औषधिजन्य भएकाले अझ माग बढी हुने गरेको छ । त्यसैले यसलाई निरन्तरता दिन आवश्यक छ । प्राकृतिक उपजका रूपमा विकास गर्दै आयआर्जनको माध्यम बनाउन संरक्षण र प्रवर्द्धन गर्नुपर्ने अवस्था देखिन्छ । यस परम्परालाई जीवन्त राख्दै विदेशीको आकर्षणको केन्द्र बनाउने प्रयासमा सबैको ध्यान जानुपर्ने हुन्छ । रासस

# घान्द्रुकलाई एक ....

भारतीय पर्यटक रहेको बताउनुभयो। अहिलेको याममा एकैदिनमा आठ सय ५६ जनासम्म विदेशी पर्यटक घान्द्रुकमा भित्रिएको उहाँको भनाइ छ ।

"पछिल्लो समय भारतीय पर्यटकको संख्या बढ्दो छ, आन्तरिक पर्यटन पनि उत्तिकै फस्टाएको छ", उहाँले भन्नुभयो, "सडकको पहँच विस्तारले पनि घान्द्रुकमा आन्तरिक पर्यटकको आउजाउ पछिल्लो समय बढेको हो ।" चल्तीका पदमार्ग, आकर्षक गन्तव्यस्थल र व्यवस्थित पर्यटकीय पूर्वाधारका कारण यस क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको छ । तीसको दशकदेखि सुरू भएको घान्द्रुकको पर्यटनमा पछिल्लो समय गाउँको मौलिकता जोगाउने चुनौती थपिएको छ ।

पर्यटकीय चहलपहल बढेपनि घान्द्रुकको असली पहिचान गुम्ने हो की भन्ने पिरलो स्थानीय र पर्यटनकर्मीमाझ छ । प्रकृति र संस्कृतिको सङ्गम मानिने घान्द्रुक पहिलेको जस्तो छैन । जीवनशैली फेरिँदो छ । नयाँ बनिरहेका संरचनाले गाउँको मौलिक स्वरूप खल्बलिएको छ । सडकले पदमार्ग भत्केका छन् । गुरूङ समुदायको कला, संस्कृति र रहनसहन पनि आधुनिकताको चेपुवामा परेको छ।

पर्यटकको आउजाउ बढेसँगै कराडौँ लगानीमा होटलदेखि रिसोर्टसम्म खुलेका छन् । आधुनिकताले गाउँको पुरानो चिनारीलाई विस्थापित गर्दैछ । बढ्दो व्यवसायीकरणले घान्द्रुकको मौलिकपन गुम्दै गएको छ । पर्यटन व्यवस्थापन समितिका अनुसार घान्द्रुकमा रिसोर्टसहित ८० वटा होटल छन् । ३५ वटा घरबास छन् । पर्यटक स्तरीयदेखि सामान्यसम्म गरी होटलमा आठ सय कोठा छन् । पर्यटन व्यवसायमा अर्बौको लगानी छ ।

सयौँले रोजगारी पाएका छन्। पर्यटकीय याममा एकैदिनमा दुई/तीनहजारसम्म पर्यटक त्यहाँ पुग्छन् । अन्नपूर्ण संरक्षण क्षेत्रको अन्नपूर्ण आधार शिविर, म्याग्दीको पुनहिल–घोरेपानीलगायत जोड्ने पदमार्गमा पर्ने घान्द्रुक पर्यटकको विश्रामस्थलका रूपमासमेत लिइन्छ। पोखरा–बागलुङ राजमार्गको नयाँपुलदेखि बिरेठाँटी, स्याउलीबजार, किञ्चे हुँदै पाँच/छ घण्टाको पदयात्रामा घान्द्रुक पुग्न सकिन्छ । मोटरमा पोखराबाट घान्द्रुक पुग्न दुई घण्टा लाग्छ । रासस

# विकासका लागि निजी .......

कम्तीमा दुई तहको भन्सार दर फरक गर्न, औद्योगिक कच्चापदार्थमा लाग्ने भन्सारलगायतका फिर्ता गर्नुपर्ने अन्य रकम फिर्ता वा समायोजन प्रणाली लागू गर्न, कम्तीमा ४० प्रतिशत स्वदेशी कच्चापदार्थ प्रयोग गर्ने उद्योगलाई बाँकी कच्चापदार्थको आयातमा कर छुटमार्फत स्वदेशी उत्पादन प्रोत्साहन गर्न परिसंघले सुझाएको छ ।

ठूला पूर्वाधारका परियोजनाहरूमा निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिन, उद्योगको स्वीकृत परियोजनाअनुसार आवश्यक जग्गामा हदबन्दी नलाग्ने व्यवस्था गरी अतिरिक्त जग्गा धितो राख्न पाउने प्रबन्ध गर्न परिसंघले भनेको छ। यस्तै, उद्योगलाई बिक्री गर्न पाउने नीति लागू गर्न, उद्योग व्यवसायले सरकारको कुनै निकायमा भुक्तान गर्न बाँकी रहेको रकम र सरकारले सो उद्योगलाई भुक्तान वा फिर्ता गर्न बाँकी रहेको रकम हिसाब मिलान गर्न पाउने नीतिगत व्यवस्था गर्न परिसंघले सुझाएको छ ।

परिसंघको सुझाव ग्रहण गर्दै अर्थमन्त्री वाग्लेले विकासका लागि निजी क्षेत्रको पुँजी आवश्यक रहेको बताए । उनले कानुनी सुधार, कर प्रणालीमा सुधार आवश्यक रहेको भन्दै सम्पत्ति आर्जन गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गरिने बताए । निजी क्षेत्रको लगानीबिना विकास सम्भव छैन भन्ने विषयमा सरकार प्रस्ट रहेको जनाउँदै उनले पूर्वाधारका क्षेत्रमा निजी क्षेत्रले लगानी गर्ने वातावरण बन्नुपर्नेमा जोड दिए । रासस

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाने सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरु :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।
**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।
**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?
**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।
**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पर्‍यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुर्‍याउँछ ।
**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश



**मकै खेतीमा बाँदर आतंका** : तनहुँको भानु नगरपालिका-८ आहाले निवासी तारा अमगाईको खेतमा हुर्कदै गरेको मकै खेतीमा बाँदरले पुऱ्याएको क्षति । गाउँका अधिकांश घर अहिले रित्तिँदै गएका छन् । उब्जाउ खेतबारी बाँझिएका छन् । गाउँमा बसिरहेका थोरै कृषकले पनि बाँदर आतंकका कारण खेतीपाती गर्नै छोड्ने अवस्था आएको छ । दुःखसुख गरेर लगाएको बाली जोगाउन रातदिन खेत कुर्नुपर्ने बाध्यता छ। तर किसानको यो पीडाको स्थायी समाधान खोज्ने वा क्षति व्यहोरेका कृषकलाई राहत दिने विषयमा सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन । गत वर्ष कम वर्षाका कारण धेरै किसानले समयमै धान रोपाइँ गर्न पाएनन् । जसोतसो लगाइएको धान थन्क्याउने बेला परेको अविरल वर्षाले खेतमै उम्रियो । स्थानीय तहले राहत दिने भन्दै विवरण संकलन गऱ्यो, कतिपय कृषकले आशा गर्दै विवरण पनि बुझाए । तर परिणाम भने शून्यजस्तै रह्यो । एकातिर प्रतिकूल मौसम, अर्कोतिर रोगकिरा र बाँदर आतंकले किसानको जनजीवन थप कष्टकर बनेको छ । उत्पादन घट्दै जाँदा खेतीप्रतिको आकर्षण हराउँदै गएको छ । कृषिलाई जीविकोपार्जनको आधार बनाएका किसान अहिले निराशा र अन्योलबीच बाँच्न बाध्य छन् ।

*तस्विर : भञ्ज्याङ*

# आजदेखि देशभर 'सरसफाइ सप्ताह'

भञ्ज्याङ समाचारदाता/काठमाडौं

सरकारले सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, स्वच्छ र वातावरणमैत्री बनाउन सोमबारदेखि आगामी जेठ १ गतेसम्म देशभर 'सरसफाइ सप्ताह २०८३' सञ्चालन गर्ने घोषणा गरेको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक विशेष मार्गदर्शन जारी गर्दै संघीय मन्त्रालयदेखि स्थानीय तहसम्मका सबै निकायलाई यस अभियानमा सक्रिय सहभागी हुन निर्देशन दिएको हो। उक्त राष्ट्रिय अभियानको औपचारिक उद्घाटन सोमबार बिहान ८:३० बजे वीर अस्पतालबाट स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहेताको उपस्थितिमा हुने तय भएको छ ।

यस अभियानले सरकारी निकायमा न्यून लागतमा अधिकतम प्रतिफल प्राप्त हुने गरी सरसफाइ मापदण्ड कार्यान्वयन गर्ने लक्ष्य सरकारले जारी गरेको 'सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८३'मा समावेश छ । सरकारी कार्यालयमा नियमित सरसफाइ र फोहोर व्यवस्थापनको स्पष्ट मापदण्ड नहुँदा सेवा प्रवाह, कर्मचारी र सेवाग्राहीको स्वास्थ्यमा नकारात्मक असर परिरहेको सन्दर्भमा यो मार्गदर्शन तयार पारिएको हो ।

"सरकारी निकायहरूमा स्वच्छ र सुरक्षित कार्य वातावरण कायम गर्न प्रभावकारी सरसफाइ व्यवस्थापन आवश्यक छ", मार्गदर्शनको पृष्ठभूमिमा उल्लेख गरिएको छ । मार्गदर्शनअनुसार सरकारी सूचना बोर्ड, नागरिक बडापत्र र संकेत चिह्नहरु स्पष्ट तथा व्यवस्थित हुनुपर्नेछ । चर्किएका वा उक्किएका भित्ताहरूको मर्मत र रङ्गरोगन गरिनेछ । मुख्य सेवा क्षेत्र र प्रवेशद्वारलाई आकर्षक तथा सफा राखिनेछ ।

यस्तै, सबै शौचालयहरूलाई दुर्गन्धरहित बनाइनेछ र नियमित पानीको व्यवस्था सुनिश्चित गरिनेछ। हात धुने स्थानमा साबुन अनिवार्य गरिएको छ र दैनिक सफाइको अभिलेख राख्नुपर्नेछ । शौचालयहरु महिलामैत्री, स्यानिटरी डिस्पोजल सुविधायुक्त र सम्भव भएसम्म अपाङ्गतामैत्री हुनुपर्नेछ ।

त्यति मात्रै होइन, कार्यालयहरूले कम्तीमा दुई प्रकारका डस्टबिन राखी कुहिने र नकुहिने फोहोर छुट्याउनुपर्नेछ। पुराना काम नलाग्ने सामानहरूको उचित व्यवस्थापन गरिनाका साथै खुला रूपमा फोहोर जलाउन पूर्ण प्रतिबन्ध लगाइएको छ । कार्यालय परिसरको १०० मिटर वरिपरिको क्षेत्र, नाली र ढलहरु सफा हुनुपर्नेछ। पार्किङ क्षेत्रको सुधार र अव्यवस्थित तार वा पोस्टरहरु हटाउनुपर्ने सूचक राखिएको छ ।

कार्यालयमा 'हेल्प डेस्क'को व्यवस्था गरी सेवाग्राहीले सम्मानित र व्यवस्थित महसुस गर्ने वातावरण बनाइनेछ। सूचना प्रणालीलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ।

**दिगोपन र अनुगमनको संयन्त्र**

यो अभियानलाई दिगो बनाउन प्रत्येक निकायले एक 'सरसफाइ सम्पर्क व्यक्ति' तोक्नुपर्नेछ । प्रत्येक हप्ताको सरसफाइ कार्यतालिका निर्माण गरी मासिक रूपमा स्व-मूल्याङ्कन गर्नुपर्ने व्यवस्था मार्गदर्शनले गरेको छ ।

यस अभियानको कार्यान्वयन र अनुगमनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायका प्रमुखलाई सुम्पिएको छ, जसले यसको नियमित अभिलेख राख्नुपर्नेछ । यो अभियानले सबै संघीय, प्रादेशिक र स्थानीय कार्यालयका साथै सार्वजनिक शैक्षिक संस्थाहरूलाई समेत समेट्नेछ । रासस

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

विश्वविद्यालयको राजनीतिकरणमा प्रमुख भुमिका खेलेका क्रमशः प्रधानमन्त्री कुलपति बन्ने कुप्रथा र आफैले धान्न नसक्ने भिमकाय संरचना बोकेको त्रिविविले अन्य कलेजलाई दिने कथित संबन्धनका प्रावधानमा गरिने भेदभाव र भ्रष्टाचार मुलुकको शैक्षिक प्रगति र विकासका बाधक प्रावधानहरु हुन्। विश्वविद्यालयको नेतृत्व र संबन्धन पूर्णतया स्वायत्व हुनुपर्छ।
यस्तो बिषयमा बौद्धिक र प्राज्ञिक तहबाट निरन्तर पुर्ववर्ती सरकारमाथि सिफारिस, सुझाव र सल्लाह दिइएका थिए। तर उनीहरूले त्यसलाई सुनेनन्। अहिले बालेन्द्र शाहको सरकारले त अझ आगोमा ध्यू थप्दै आफैलाई शैक्षिक स्वायत्तताको घोर विरोधी सावित गर्यो। जब यही गर्नु थियो भने नयाँको नाममा चलिरहेको राजनीतिक तमाशा किन हो?



**Rejina Khadka**
x.com/Rejinaakhadka12

सबै मानिसले जीवनमा समान अवसर पाएका हुँदैनन्। कसैको पुर्खाले शक्ति र पहुँचका कारण जमिन पाए, कसैले जीवनभर संघर्ष गर्दा पनि बस्ने ठाउँ पाएन । विकास आवश्यक छ, तर मानवता, संवेदना र गरिब परिवारको पीडा बुझ्नु पनि त्यत्तिकै आवश्यक छ। कुनै पनि देश केही सीमित मानिसको बिर्ता होइन ।



**Dil Nisani Magar**
x.com/dil_nisani

शासकले बेला-बेलामा फोटो सार्वजनिक गर्छ, दासहरु रमाउँछन्। शासकले बेला-बेलामा भोटो जात्रा देखाउँछ, दासहरु खुसी हुन्छन्। शासकले बेला-बेलामा टीका लगाइदिन्छ, दासहरु भाग्यमानी हुन्छन्। शासकले बेला-बेलामा बक्सिस र तक्माहरु बाँड्छ, दासहरु सौभाग्यशाली महसुस गर्छन्। किनकि यो दासहरूको देश हो ।

# 'बजेटमा बालबालिकालाई प्राथमिकता दिन पहल गरिने'

भञ्ज्याङ समाचारदाता/काठमाडौं

प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरूले आगामी आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रम र बजेटमा बालबालिकाको अधिकारको मुद्दा समावेश गर्न सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले आइतबार आयोजना गरेको 'सामाजिक सुरक्षा र बाल अनुदान' विषयक अन्तरक्रियामा सांसदहरूले सरकारले सामाजिक सुरक्षाअन्तर्गत प्रदान गर्दै आएको 'बाल पोषण भत्ता' रू ५३२ लाई वृद्धि गरी अहिलेको समय सान्दर्भिक बनाउन सरकारसँग अनुरोध गर्ने प्रतिबद्धता गरेका हुन् । सो पोषण भत्तालाई ७७ जिल्लामा पुऱ्याउनका लागि पनि पहल गर्ने उहाँहरूले उल्लेख गर्नुभयो ।

सञ्जालका अनुसार सो पोषण भत्ता ४५ जिल्लामा मात्रै पुगेको छ। प्रतिनिधिसभा सदस्य विष्णुमाया विश्वकर्माले समग्रमा सबै बालबालिकालाई पोषणा पत्ता वितरण गर्नेभन्दा पनि आवश्यकताका आधारमा अहिलेको रकमलाई बढाएर गरिब, दलित र पिछडिएको समुदायलाई दिनुपर्नेमा जोड दिनुभयो।

नेपाल जनसाङ्ख्यिकी तथा स्वास्थ्य सर्वेक्षण २०२२ का अनुसार अझै पनि २५ प्रतिशत बालबालिकामा पुड्कोपन र १९ प्रतिशत कम तौल भएका छन् । त्यसैगरी, ४३ प्रतिशत बालबालिका रक्त अल्पताको समस्यामा परेका छन् ।

राष्ट्रियसभा सदस्य भुवन सुनारले बालबालिकाको पोषण भत्ता र विद्यालय जाने विद्यार्थीको दिवा खाजालगायत उनीहरूको समग्र समस्याका बारेमा स्थानीय सरकार बढी जिम्मेवार हुनुपर्ने बताउनुभयो। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अनुसार सरकारले बाल पोषण भत्ता, एकल महिला भत्ता, अपाङ्गता भएको व्यक्ति, ज्येष्ठ नागरिक, जनता आवास, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा कोषलगायत ८७ भन्दा बढी शीर्षकमा सामाजिक सुरक्षा भत्ता दिइरहेको छ भने सामाजिक सुरक्षा भत्ताबाट ३६ लाख ६९ हजार जनाले सुविधा पाइरहेका छन् ।

सरकारले आर्थिक वर्ष २०६६/६७ देखि कर्णालीका पाँच जिल्लाबाट सुरू गरेको बाल पोषण भत्ता हाल हुम्ला, जुम्ला, डोल्पा, कालीकोटलगायत हिमाली र पहाडी गरी ४५ जिल्लामा पूर्ण रूपमा तथा देशभर दलित बालबालिकालाई मात्र रू ५३२ प्रदान गर्दै आएको छ । सञ्जालका अध्यक्ष गोपाल थापा मगरले बालबालिकाको संवैधानिक अधिकारलाई व्यावहारिक कार्यान्वयन गर्न सरकारले आवश्यकताका आधारमा सबै बालबालिकालाई भत्ता दिनुपर्नेमा जोड दिनुभयो । प्रतिनिधीसभा सदस्य परशुराम तामाङले सरकारले बालबालिकालाई पोषण भत्ताको आवश्यकता नै नपर्ने योजना ल्याउनुपर्ने बताउनुभयो । रासस

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४